मिति : २०७५/१२/१ गते शुक्रबार    स्थान पो.म.न.पा.न.का.पा.कार्यालयको सभाकक्ष

वैठक सख्ँया : **२८**    समय : दिउसो २ : ०० बजे,

पोखरा महानगरपालिकाका नगर प्रमुख श्री मान बहादुर जि.सी.ज्यूको अध्यक्षतामा यस महानगरपालिका नगर कार्यपालिकाको वैठक कार्यालयको सभाकक्षमा तपसिल बमोजिको उपस्थितिमा बसि देहायनुसारको निर्णय गरियो ।

**<u>उपस्थिती</u>** :

| | | |
|---|---|---|
| अध्यक्ष | श्री मानबहादुर जि.सी. | प्रमुख |
| सदस्य | श्री मञ्जुदेवी गुरुङ्ग | उप-प्रमुख |
| सचिव | श्री शेषनारायण पौडेल | प्रमुख प्रशासकीय अधिकृत |
| सदस्य | श्री शारदा पराजुली | वडा अध्यक्ष वडा नं. १ |
| सदस्य | श्री रामेश्वर मल्ल | वडा अध्यक्ष वडा नं. २ |
| सदस्य | श्री रबिन्द्र बहादुर प्रजु | वडा अध्यक्ष वडा नं. ३ |
| सदस्य | श्री शंकर प्रसाद वँस्तोला | वडा अध्यक्ष वडा नं. ४ |
| सदस्य | श्री धनबहादुर नेपाली | वडा अध्यक्ष वडा नं. ५ |
| सदस्य | श्री जगतबहादुर पाहारी | वडा अध्यक्ष वडा नं. ६ |
| सदस्य | श्री रामचन्द्र वराल | वडा अध्यक्ष वडा नं. ७ |
| सदस्य | श्री रुद्रनाथ वराल | वडा अध्यक्ष वडा नं. ८ |
| सदस्य | श्री रामराज लामिछाने | वडा अध्यक्ष वडा नं. ९ |
| सदस्य | श्री राजकुमार गरुङ्ग | वडा अध्यक्ष वडा नं. १० |
| सदस्य | श्री मोहन प्रसाद वाँस्तोला | वडा अध्यक्ष वडा नं. ११ |
| सदस्य | श्री रामबहादुर कार्की | वडा अध्यक्ष वडा नं. १२ |
| सदस्य | श्री लेखबहादुर तामाङ्ग | वडा अध्यक्ष वडा नं. १३ |
| सदस्य | श्री प्रेमबहादुर कार्की | वडा अध्यक्ष वडा नं. १४ |
| सदस्य | श्री प्रकाश पौडेल | वडा अध्यक्ष वडा नं. १५ |
| सदस्य | श्री जिवन प्रसाद आचार्य | वडा अध्यक्ष वडा नं. १६ |
| सदस्य | श्री तिर्थराज अधिककारी | वडा अध्यक्ष वडा नं. १७ |
| सदस्य | श्री रणबहादुर थापा | वडा अध्यक्ष वडा नं. १८ |

| | | |
|---|---|---|
| सदस्य | श्री शोभामोहन पौडेल | वडा अध्यक्ष वडा नं. १९ |
| सदस्य | श्री सिमबहादुर गुरुङ्ग | वडा अध्यक्ष वडा नं. २० |
| सदस्य | श्री खगराज आचार्य | वडा अध्यक्ष वडा नं. २१ |
| सदस्य | श्री मित्रलाल वराल | वडा अध्यक्ष वडा नं. २२ |
| सदस्य | श्री विष्णु प्रसाद पराजुली | वडा अध्यक्ष वडा नं. २३ |
| सदस्य | श्री ओम प्रसाद सुवेदी | वडा अध्यक्ष वडा नं. २४ |
| सदस्य | श्री शोभाकर तिमिल्सीना | वडा अध्यक्ष वडा नं. २५ |
| सदस्य | श्री नारायण प्रसाद वराल | वडा अध्यक्ष वडा नं. २६ |
| सदस्य | श्री पूर्णकुमार गुरुङ्ग | वडा अध्यक्ष वडा नं. २७ |
| सदस्य | श्री निर्मल दियाली | वडा अध्यक्ष वडा नं. २८ |
| सदस्य | श्री चेतबहादुर गुरुङ्ग | वडा अध्यक्ष वडा नं. २९ |
| सदस्य | श्री श्रीराम पोखरेल | वडा अध्यक्ष वडा नं. ३० |
| सदस्य | श्री कमल बहादुर थापा | वडा अध्यक्ष वडा नं. ३१ |
| सदस्य | श्री अक्कल बहादुर कार्की | वडा अध्यक्ष वडा नं. ३२ |
| सदस्य | श्री शिव प्रसाद आचार्य | वडा अध्यक्ष वडा नं. ३३ |
| सदस्य | श्री पुष्पा घले पाहारी | पो.ले.म.न.पा. वडा नं. ६ |
| सदस्य | श्री बुधराज भुजेल (भिमसेन) | पो.ले.म.न.पा. वडा नं. ६ |
| सदस्य | श्री ओम प्रसाद गौचन | पो.ले.म.न.पा. वडा नं. ७ |
| सदस्य | श्री यशोदा भट्टराई | पो.ले.म.न.पा. वडा नं. १४ |
| सदस्य | श्री राधिका शाही योगि | पो.ले.म.न.पा. वडा नं. १७ |
| सदस्य | श्री मनबुजा वि.क. | पो.ले.म.न.पा. वडा नं. २० |
| सदस्य | श्री सन्तु सुवेदी | पो.ले.म.न.पा. वडा नं. २४ |
| सदस्य | श्री चतुरे वि.क. | पो.ले.म.न.पा. वडा नं. ३१ |
| | श्री यामलाल अधिकारी | सहायक प्रमुख प्रशासकीय अधिकृत |

# पोखरा महानगरपालिकाको

## मिति २०७५/१२/१ गते दिनको २ :०० बजेको २८ औं कार्यपालिका वैठकका एजेन्डाहरु :-

***प्रस्तावहरु :***

१. महानगरको "लोगो" सम्वन्धमा ।

२. जनप्रतिनिधिहरुको पोशाक निर्धारण सम्बन्धमा ।

३. स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति सम्वन्धमा ।

४. विधायन समितिबाट प्रस्तुत विधेयक सम्वन्धमा ।

(क) पोखरा महानगरपालिकाको पशु विकास कार्यक्रम अनुदान कार्यविधि,२०७५ ।

(ख) पोखरा महानगरपालिका अस्पताल व्यवस्थापन समिति गंठन निर्देशिका,२०७५ ।

५. वडा कार्यालयको सुरक्षा व्यवस्था सम्वन्धमा ।

६. विविध ।

(क) वडा नं.९ स्थित महेन्द्र मा.वि. तथा नव प्रभात मा.वि.लाई मर्ज गर्ने सम्वन्धमा ।

(ख) महानगर सार्वजनिक यातायातमा Smart Card प्रयोग सम्वन्धमा ।

(ग) सयुक्त खानेपानी आयोजना सम्वन्धमा (वडा नं. १८, २ **र** १)

(घ) आधारभूत स्वास्थ्य केन्द्र निर्माण सम्वन्धमा ।

(ङ) सांस्कृतिक ग्राम पुस्तकालय र आर्ट ग्यालरी सम्वन्धमा ।

(च) **"घ"** वर्गको निर्माण ईजाजत पत्र (संशोधन) सम्वन्धमा ।

(छ) काहुँ स्वास्थ्यचौकीको जग्गा प्राप्ती सम्वन्धमा ।

(ज) नगर युवा परिषद् सञ्चालन कार्यविधि,२०७५ (संशोधन) सम्वन्धमा ।

(झ) शोक प्रस्ताव सम्वन्धमा ।

## निर्णयहरु :-

**निर्णय नं. १**

प्रस्ताव नं. १ उपर छलफल हुदाँ : यस महानगरपालिका नगर कार्यपालिकाको मिति २०७५/८/७ को वैठक निर्णयानुसार गठित महानगरको लागो छनोट समितिले पेश गरेको पोखरा महानगरपालिका वडा नं.-१० निवासी रिम गुरुङ्गले तयार पारेको लोगोलाई परिमार्जन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ उपर छलफल हुदाँ : महानगरपालिकाका जनप्रतिनिधिहरुको लागि औपचारिक पोशाक ग्रे रङको कोट, हल्का आकासे रङको सर्ट, ग्रे रङको दौरा सुरुवाल साथै . . . रङको चोली ब्लाउज र . . . . साडी स्वीकृत गर्ने निर्णय गरियो । साथै सोही जनप्रतिनिधिहरुलाई रु.१७,०००/- (सत्र हजार) का दरले एकमुष्ट रकम उपलब्ध गराउने तोकिएको पोशाकमा एकरुपता तथा गुणस्तर सम्वन्धमा समन्वय र सहयोग गर्न वडा नं.-१३ का वडा अध्यक्षलाई तोक्ने समेत निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ उपर छलफल हुदाँ : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ अनुसार स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले आर्थिक वर्ष २०७६/०७७ को बजेट स्रोत तथा सीमा निर्धारण गरि कार्य अगाडी वढाउने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ उपर छलफल हुदाँ : विधायन समितिबाट सिफारिश हुन आएका देहाय बमोजिमका कार्यविधि एवं निर्देशिका स्वीकृत गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

(क) पोखरा महानगरपालिकाको पशु विकास कार्यक्रम अनुदान कार्यविधि,२०७५ ।

(ख) पोखरा महानगरपालिका अस्पताल व्यवस्थापन समिति गंठन निर्देशिका,२०७५ ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ उपर छलफल हुदाँ : केही समययता पोखरा महानगरपालिकाका विभिन्न वडा कार्यालयहरुमा चोरीका घटना भइरहेको अवस्थालाई गंभीर रुपमा लिई रात्रीको समयमा वडा कार्यालयमा भरपर्दो सुरक्षा व्यवस्था मिलाउन सम्वन्धीत वडाले आवश्यक प्रवन्ध मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ६ विविध**

प्रस्ताव नं. ६ **(क)** उपर छलफल हुदाँ : यस महानगरपालिका अर्न्तगतको शैक्षिक प्रशासन महाशाखा प्रमुखले विस्तृत रुपमा अध्ययन गरि आगामी कार्यपालिकाको वैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ **(ख)** उपर छलफल हुदाँ : महानगर क्षेत्रमा सार्वजनिक यातायातमा Smart Card को व्यवस्था गर्न यातायात व्यवसायीसंग सम्झौता प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

**<u>निर्णय नं. ६</u>**

<u>प्रस्ताव नं. **६ (ग)** उपर छलफल हुदाँ</u> : सयुक्त खानेपानी समन्वय समिति वडा नं. १८, २ र १ पोखराको मिति २०७५/११/२९ को प्राप्त निवेदन अनुसार वडा नं. १८ को जौबारी खण्ड ठोट्खोला सामुदायिक वनको अन्दाजी ५ रोपनी जग्गा सो खानेपानीको टंकी निर्माण तथा अन्य आवश्यक कार्य गर्न राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्वन्धि कार्यविधि, २०७४ को दफा ५ बमोजिम यस महानगरपालिकाले उक्त जग्गा प्राप्तीको लागि प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

**<u>निर्णय नं. ६</u>**

<u>प्रस्ताव नं. **६ (घ)** उपर छलफल हुदाँ</u> : भौतिक पूर्वाधार विकास मन्त्रालय शहरी विकास तथा भवन कार्यालय कास्कीको, च.नं. ७५ मिति २०७५/१०/८ को प्राप्त पत्र अनुसार स्वास्थ्य केन्द्र नभएका यस महानगरपालिकाका वडाहरु वडा नं. १, ५, ६, ७, ८, ९, १०, ११, १२, १३, १४, १५ र १७, मा Tyep 1 को स्वास्थ्य संस्था निर्माणको लागि वडावासीहरुलाई पाएक पर्ने गरि कम्तिमा १ रोपनी समथल जमिन प्रस्ताव गरि महानगरपालिकामा पठाउन स्वास्थ्य महाशाखा मार्फत सम्वन्धित वडाहरुलाई लेखी पठाउने निर्णय गरियो ।

**<u>निर्णय नं. ६</u>**

<u>प्रस्ताव नं. **६ (ङ)** उपर छलफल हुदाँ</u> : पोखरा महानगरपालिका वडा नं.-९ महेन्द्रपुलमा महानगरपालिकाको स्वामित्वमा रहेको जिर्ण अवस्थाको भवनमा रहेका पुस्तकालय र आर्ट ग्यालरीलाई सोही वडाको नयाँ बजार स्थित क्षेत्रीय संग्राहलय भएको स्थानमा स्थानातरण र स्तरोन्ती गरी अत्याधुनिक बनाएर सांस्कृतिक ग्राम बनाउनका लागि सो संग्राहलयसंग समन्वय गरि प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

**<u>निर्णय नं. ६</u>**

<u>प्रस्ताव नं. **६ (च)** उपर छलफल हुदाँ</u> : **"घ"** वर्गको निर्माण ईजाजत पत्र प्रदान सम्वन्धी कार्यविधिमा तपसिल बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ६</u>**

<u>प्रस्ताव नं. **६ (छ)** उपर छलफल हुदाँ</u> : यस पोखरा महानगरपालिका वडा नं.-११ स्थित काहुँ स्वास्थ्य चौकि भवन जिर्ण भै नयाँ निर्माण गर्नु पर्ने अवस्थामा भएको र सो भवनका लागि जग्गा समेत कम भएकोले साविक काहुँ गा.वि.स.वडा नं.-३ स्थित कि.नं. ९६ क्षे.फ. ५-३-२-३ (प्रति दोयम) को जग्गामा नयाँ सुविधा सम्पन्न भवन निर्माणकालागि सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्वन्धी कार्यनीति, २०७१ अनुसार जग्गा दिर्घकालिन लिजमा उपलब्ध गराउन प्रकृया अघि वढाउने निर्णय गरियो ।

**<u>निर्णय नं. ६</u>**

<u>प्रस्ताव नं. **६ (ज)** उपर छलफल हुदाँ</u> : नगर युवा परिषद् सञ्चालन कार्यविधि,२०७५ (संशोधन) तपसिल बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. **६ (झ)** उपर छलफल हुदाँ : कास्की जिल्ला क्षेत्र नं.-३ बाट प्रत्यक्ष निर्वाचित सांसद एवं संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्री रवीन्द्र प्रसाद अधिकारीको मिति २०७५ फागनु १५ गते बुधबारका दिन ताप्लेजुङ्गमा भएको हवाई दुर्घटनामा परी दुःखद निधन भएकोमा स्व.मन्त्रीज्यूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त् परिवारजनमा समवेदना प्रकट गरी एक मिनेट मौन धारण गर्दै शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

# "घ"वर्गको निर्माण ईजाजत पत्र प्रदान सम्वन्धी कार्यविधि,२०७५ संशोधन ।

| हालको प्रावधान | संशोधित प्रावधान |
|---|---|
| **नयाँ ईजाजत पत्र सम्बन्धी व्यवस्था अनुसूची- ५ अनुसार**<br><br>१. रु. पाँच लाख रुपैंयाको चालू पूजी देखाई उद्योग विभागमा (कम्पनी रजिष्ट्रार वा घरेलु कार्यालय) दर्ता भएको हुनुपर्ने ।<br>२. मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरि विषयमा कम्तीमा प्रमाण पत्र तह उर्त्तिण एकजना प्राविधिक, कुनै पनि विषयमा प्रमाण पत्र तह उर्त्तिण एकजना प्रशासनिक, रवाणिज्यशास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उर्त्तिण एकजना हुनुपर्ने ।<br>३. मेशिन र उपकरण :-<br>क) ट्पिर /ट्याक्टर : एक (१)/(१) एक थान<br>ख) मिक्सर : (१ )एक थान<br>ग) Theodolite/Level Machine : एक सेट<br>घ) वाटर पम्प : (३) तीन थान<br>ङ) भाईब्रेटर : ३ तीन थान ।<br>**द्रष्टव्यः**<br>१.मेशिन र उपकरणको विमा गरेको कागजातहरु हुनुपर्ने ।<br>२.उल्लेखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको मेकानिकल ईन्जिनियरिङ्ग विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसियसन सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरिङ्गले प्रमाणित गरेको हुनुपर्नेछ ।<br>३. माथि उल्लेखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटिमा २ वर्षसम्म बेचबिखन गर्न पाइने छैन्<br>४. १५ वर्षभन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर वृद्धि तथा नया दर्ता हुने प्रयोजनका लागि मान्य हुने छैन् ।<br>५. फर्म वा कम्पनीको कार्यालय आफ्नै स्वामित्वको घर वा जग्गामा स्थापना गरिएको भएमा त्यस्तो घर वा जग्गाको जग्गाधनी प्रमाण पुर्जा र सम्पत्ति कर वा भुमिकर (एकृकित सम्पत्ति कर) तिरेको रसिद र घर जग्गा भाडामा भएमा सम्पत्ति कर वा भुमिकर ( एकृकित सम्पत्ति कर) र घर वहाल कर तिरेको रसिदको प्रमाणित प्रतिलिपि । | **हुनु पर्ने**<br><br>१. कम्तीमा रु. पाँच लाख रुपैंयाको चालू पूँजी देखाई उद्योग विभाग वा कम्पनी रजिष्ट्रारको कार्यालय वा घरेलु तथा साना उद्योग कार्यालय दर्ता भएको हुनुपर्ने ।<br>२.मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरि विषयमा कम्तीमा प्रमाण पत्र तह उर्त्तिण एकजना प्राविधिक, कुनै पनि विषयमा प्रमाण पत्र तह उर्त्तिण एकजना प्रशासनिक र वाणिज्यशास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उर्त्तिण एकजना कर्मचारी आवद्ध हुनुपर्ने ।<br>३.मेशिन र उपकरण :-<br>क) ट्पिर वा ट्याक्टर : एक थान<br>ख) मिक्सर : एक थान<br>ग) Theodolite/Level Machine/total station एक थान<br>घ) वाटर पम्प : तीन थान<br>ङ) भाईब्रेटर : तीन थान ।<br>**द्रष्टव्य :**<br>१.मेशिन र उपकरणको विमा गरेको कागजातहरु हुनुपर्ने ।<br>२. उल्लेखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको मेकानिकल ईन्जिनियरिङ्ग विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स परिषद्को सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरिङ्गले प्रमाणित गरेको हुनुपर्नेछ ।<br>३.माथि उल्लेखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटिमा २ वर्षसम्म बेचबिखन गर्न पाइने छैन ।<br>४.१५ वर्षभन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर वृद्धि तथा नया दर्ता हुने प्रयोजनका लागि मान्य हुने छैन् ।<br>५.फर्म वा कम्पनीको कार्यालय आफ्नै स्वामित्वको घर वा जग्गामा स्थापना गरिएको भएमा त्यस्तो घर वा जग्गाको जग्गाधनी प्रमाण पत्र र सम्पत्ति कर वा भुमिकर (एकृकित सम्पत्ति कर) तिरेको रसिद र घर जग्गा भाडामा भएमा सम्पत्ति कर वा भुमिकर ( एकृकित सम्पत्ति कर) र घर वहाल कर तिरेको रसिदको प्रमाणित प्रतिलिपि ।<br><br>६.जे.सि.वि. एक थान । (औचित्यताको आधारमा )<br><br>**अन्यः**<br>७.थप जेसीवि थान १ पनि माग गर्नुपर्ने भनि निर्माण व्यवसायी संघवाट माग भई आएको र के गर्ने भन्ने विषयमा छलफल गर्नुपर्ने । |

| नविकरण सम्बन्धमा भएको (अनुसूची -७) | हुनु पर्ने |
|---|---|
| १.निवेदकको तोकिए बमोजिमको निवेदन र ना.प्र.प.को प्रमाणित प्रतिलिपि ।<br>२.उद्योग दर्ता प्रमाण पत्र/PAN दर्ता प्र.प.के प्रमाणित प्रतिलिपि ।<br>३. जनशक्ति विवरण ३ जना नियुक्त गरेको वा म्याद थपको कागजात ।<br>(क) सिभिल ई. विषयमा ओभरसियर वा सो बराबर योग्यता पुगेको एक जना ।<br>(ख) जुनसुकै विषयमा प्रमाण पत्र तह वा सो बराबर योग्यता पुगेको एकजना ।<br>(ग) बाणिज्य शास्त्रमा प्रमाण पत्र तह वा सो बराबर योग्यता पुगेको एकजना ।<br>४.निम्न मेसिन तथा उपकरणहरु चालु अवस्थामा रहेको भनि मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको कागजात ।<br>क) टि्पर /ट्याक्टर :एक (१)/(१) एक थान<br>ख) मिक्सर (१) एक थान<br>ग) Theodolite/Level Machine (१) एक सेट<br>घ) वाटर पम्प तीन (३) थान<br>ङ) भाईब्रेटर तीन (३) थान ।<br>५.कम्तिमा रु.एक लाख मौज्दात रहेको कम्पनीको नामको हालैको बैंक स्टेटमेन्ट ।<br>६.कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।<br>७.एकिकृत कर वा सम्पत्ति कर वा भुमि कर तिरेको रसिदको प्रमाणित प्रतिलिपि ।<br>८. घर भाडामा लिएको भए घर वहाल कर तिरेको रसिदको निस्सा वा प्रमाणित प्रतिलिपि ।<br>९."घ"वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी, कार्यविधि २०७५,को दफा ३ को उपदफा (२) र उपदफा (३) बमोजिमको म्याद भित्र इजाजतपत्र नविकरण गर्नुपूर्व सम्बन्धित फर्म/कम्पनीहरुको कार्यालयको र उक्त कम्पनीमा नियुक्त कर्मचारी तथा मेसिनरी उपकरणहरुको समेत स्थलगत निरिक्षण र अनुगमन गर्नुपर्ने आवश्यक ठानेमा प्रमुख प्रशासकिय अधिकृतले अनुगमन निरिक्षण समेत गर्न सक्नेछ । त्यसरी अनुगमन निरिक्षण गर्दा त्यस्ता फर्म कम्पनीहरुले ईजाजतपत्र प्राप्त गर्दाका बखत पेश गरेका डकुमेन्ट वा माथी ३,४,र ५ नं. बमोजिमको व्यवस्थापन भएको नदेखिएमा त्यस्तो फर्म कम्पनी व्यवसायीको "घ"वर्गको निर्माण व्यवसायी इजाजतपत्र नविकरण गर्न महानगरपालिका बाध्य हुनेछैन । | १.निवेदकको तोकिए बमोजिमको निवेदन ।<br>२.उद्योग दर्ता प्रमाण पत्र/PAN दर्ता प्र.प.को प्रमाणित प्रतिलिपि ।<br>३.कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।<br>४.एकिकृत कर वा सम्पत्ति कर वा भुमि कर तिरेको रसिदको प्रमाणित प्रतिलिपि ।<br>५.घर भाडामा लिएको भए घर वहाल कर तिरेको रसिदको निस्सा र कम्तिमा २ वर्ष घरभाडा लिएको सम्झौता पत्र ।<br>६.प्रोपाईटर वा संचालकको नागरिकताको प्रतिलिपि । |

## नामसारी सम्बन्धमा अनुसूची- ५

१. रु.पाँच लाख रुपैंयाको चालू पूजी देखाई उद्योग विभागमा (कम्पनी रजिष्टार वा घरेलु कार्यालय) दर्ता भएको हुनुपर्ने ।

२.मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरि विषयमा कम्तीमा प्रमाण पत्र तह उर्त्तिण एकजना प्राविधिक, कुनै पनि विषयमा प्रमाण पत्र तह उर्त्तिण एकजना प्रशासनिक र वाणिज्यशास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उर्त्तिण एकजना हुनुपर्ने ।

३. मेशिन र उपकरण :-

क) टि्पर /ट्याक्टर :एक (१)/(१) एक थान

ख) मिक्सर (१ )एक थान

ग) Theodolite/Level Machine एक सेट

घ) वाटर पम्प (३) तीन थान

ङ) भाईब्रेटर ३ तीन थान ।

द्रष्टव्य:

१. मेशिन र उपकरणको विमा गरेको कागजातहरु हुनुपर्ने ।

२. उल्लेखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको मेकानिकल ईन्जिनियरिङ्ग विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनिर्यस एशोसियसन सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरिङ्गले प्रमाणित गरेको हुनुपर्नेछ ।

३. माथि उल्लेखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटिमा २ वर्षसम्म बेचबिखन गर्न पाइने छैन् ।

४. १५ वर्षभन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर वृद्धि तथा नया दर्ता हुने प्रयोजनका लागि मान्य हुने छैन् ।

५. फर्म वा कम्पनीको कार्यालय आफ्नै स्वामित्वको घर वा जग्गामा स्थापना गरिएको भएमा त्यस्तो घर वा जग्गाको जग्गाधनी प्रमाण पुर्जा र सम्पत्ति कर वा भुमिकर (एकृकित सम्पत्ति कर) तिरेको रसिद र घर जग्गा भाडामा भएमा सम्पत्ति कर वा भुमिकर ( एकृकित सम्पत्ति कर) र घर वहाल कर तिरेको रसिदको प्रमाणित प्रतिलिपि ।

## हुनु पर्ने

१.कम्पनी दर्ता भएको निकायबाट कम्पनीको स्वामित्व नामसारि गरेको प्रमाण पत्रहरु,

२.आन्तरिक राजश्व विभाग / कार्यालयमा पुरानो दर्ताको कर चुक्ता प्रमाण पत्र नयाँ कम्पनीको करदाता प्रमाण पत्र,

३.यस कार्यविधि अनुसार दर्ता भएका ईजाजत पत्र नामसारी गर्नुपर्ने भएमा कार्यविधिमा उल्लेखित दर्ता गर्दाका उपकरण तथा जनशक्ति हस्तान्तरण भएको कागजात वा कार्यविधिमा व्यवस्था गरे अनुसारको जनशक्ति वा उपकरण ।

४. निर्माण व्यवसायी ऐन, २०५५ अनुसार दर्ता हुदाँ भएका निर्माण व्यवसायीको हकमा नामसारी गर्नुपरेमा निर्माण व्यवसायी ऐन, २०५५ अनुसार दर्ता हुदाँ पेश गरे बमोजिमका जनशक्ति र उपकरण पेश गर्नुपर्नेछ ।

# नगर युवा परिषद् सञ्चालन कार्यविधि,२०७५ (संशोधन)

| क्र.स. | ऐनमा भएको व्यवस्था | संशोधन गर्नु पर्ने (खण्ड) | थप गर्नु पर्ने (खण्ड) | संशोधन तथा थप गर्नु पर्ने व्यहोरा (कारण) | कैफियत |
|---|---|---|---|---|---|
| १ | दफा ३ **"क"** | महानगरपालिकाको प्रमुख वा उप-प्रमुख । | अध्यक्ष | वैधानिक अध्यक्षको अभावमा काम गर्न जटिल भएकोले । | |
| २ | दफा ३ **"ख"** | अध्यक्षले तोकेको व्यक्ति । | उपाध्यक्ष | अध्यक्षको अनुपस्थितिमा अध्यक्षको हैसियतमा काम गर्नु पर्ने भएकोले । | |
| ३ | दफा ३ **"१"** | नगर युवा परिषद् ४५ (पैतालीस) सङख्याको हुने छ । | संरचना उल्लेख नभएको । | संख्या एकिन गर्ने । | |
| ४ | दफा **"१०"** | युवा परिषद्को कार्यक्षेत्र विस्तारका लागि सल्लाह, सुझाब राय लिने । | . . . . . . | विस्तृत योजना, कार्यक्रम विना युवा कार्यक्रम प्रभावकारी नहुने भएकाले । | |
| ५ | दफा **"११"** | परिषद्को वैठक महिनामा कम्तिमा एक पटक वस्नु पर्ने । | . . . . . | परिषद्लाई क्रियाशिल गराउन वैठक व्यवस्थापन गर्न सहज हुने भएकाले । | |
| ६ | दफा **"१४"** | युवाहरुका सर्न्दभमा नगरपरिषद्बाट पारित योजना, नीति कार्यक्रम लगाएत । | . . . . . | नगरपरिषद् नै कार्यक्रम बनाउने मुख्य अगं भएकोले । | |
| ७ | दफा **"१२" मा** परिषद्ले मनोनित गरेको प्रतिनिधि । | परिषद्को उपाध्यक्ष | उपाध्यक्ष | उपाध्यक्षको व्यवस्था साबिकमा नभएको । | |
| ८ | दफा **"१६" मा** अध्यक्षको स्थानमा उपाध्यक्षको काम कर्तब्य अधिकार मान्नु पर्ने । | . . . . . | . . . . . | . . . . . | |
| ९ | दफा **"१४"** व्यवस्था नभएको । | कार्यकारी समितिको अध्यक्ष मनोनित / नियुक्त गर्ने । | . . . . . | संस्थागत प्रतिनिधित्व गर्न आवश्यक रहेकोले । | |
| १० | दफा **"१६" ग** उपाध्यक्षको काम कर्तब्य र अधिकार । | हटाउने । | . . . . . | असार्न्दभिक रहेकाले । | |
| ११ | दफा **"२३"** कार्यकारी समितिका अध्यक्षलाई मासिक रु २०,०००/- (बिस हजार) तथा उपाध्यक्षलाई रु.१४०००/- (चौध हजार) र सदस्यलाई रु.१०,०००/- ( दश हजार) । | | उपाध्यक्षको सेवा सुविधा अधिकृतस्तर छैठौ वा सो सरह कायम गर्ने । | | |
| १२ | दफा **"२४" ङ** व्यवस्था नभएको । | कार्यकारी समितिको अध्यक्षले पुया विकास कार्यक्रमको प्रस्तावना पेश गर्नु पर्ने । | . . . . . | युवा संग सम्वन्धीत कार्य योजनालागु गर्न सहज हुने भएकाले । | |

# पोखरा महानगरपालिकाको पशु विकास कार्यक्रम अनुदान कार्यविधि, २०७५

**प्रस्तावनाः**

मुलुकको अर्थतन्त्रमा महत्वपूर्ण स्थान ओगटेको पशुपंक्षीपालन व्यवसायलाई व्यवस्थित र सुदृढ तुल्याउनुका साथै पशु , पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीको स्वास्थ्य रुपमा उत्पादन, बिक्री वितरण , निकासी पैठारी गर्ने र यस क्षेत्रमा स्वरोजगार बढाउने अभिप्रायले पोखरा महानगरपालिकाले यस अधिनिर्माण गरेको **पोखरा महानगरपालिकाको पशुपंक्षीपालन नीति २०७४**कार्यान्वयन गर्ने अभिप्रायले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिमको व्यवस्थाले नगर कार्यपालिकाको मिति २०७५ चैत्र १ गतेको २८ औं बैठकबाट **पशु विकास कार्यक्रम अनुदान सम्वन्धी कार्यविधि,२०७५**बनाई लागू गरिएको छ ।

२. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम पशु विकास कार्यक्रम अनुदान सम्वन्धी कार्यविधि,२०७५रहेको छ ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशित भएको मितिबाट प्रारम्भ हुनेछ ।

**३. परिभाषाः**बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "प्रमुख" भन्नाले महानगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

(ख) "उप-प्रमुख" भन्नाले महानगरपालिकाको उप-प्रमुख सम्झनुपर्छ ।

(ग) "कार्यपालिका" भन्नाले महानगर कार्यपालिका सम्झनुपर्छ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत"भन्नाले महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ङ) "नगरपालिका" भन्नाले पोखरा महानगरपालिका सम्झनु पर्छ ।

च) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेशको भूमि व्यवस्था, कृर्षि तथा सहकारी मन्त्रालय वा सो कामको लागि तोकिएको संघको मन्त्रालयलाई सम्झनु पर्छ ।

छ) "बिषयगत शाखा" भन्नाले महानगरपालिका अर्न्तरगतको बिषयगत पशु सेवा महाशाखा,वा सेवा केन्द्रलाई सम्झनुपर्छ ।

(ञ) "वडा सचिव" भन्नाले महानगरपालिकाको वडा कार्यालयको प्रशासकीय प्रमुखको रुपमा कामकाज गर्न तोकिएको वडासचिव सम्झनुपर्छ ।

(ट) "वडा समिति" भन्नाले महानगरपालिकाकार्यपालिकाको वडा समिति सम्झनु पर्छ ।

(ढ) "सदस्य" भन्नाले महानगर कार्यपालिकाको सदस्य सम्झनु पर्छ । सो शब्दले नगर कार्यपालिकाको प्रमुख/उपप्रमुख र वडा अध्यक्ष समेतलाई जनाउनेछ ।

ठ) " पशु विकास कार्यदल (LAT)" भन्नाले दफा १६ मा उल्लेखि भएको कार्यादल (LAT) लाई सम्झनु पर्ने छ ।

ड) “ अनुदान कार्यक्रम भन्नाले” दफा ६ र अनुसूचि७ मा भएका कार्यक्रमलाई सम्झनु पर्ने छ ।

## ४. उद्देश्य :

१. वेरोजगार/अर्ध वेरोजगार/वैदेशिक रोजगारीवाट फर्केका जनशक्तिहरुलाई प्रत्यक्ष रोजगार प्रदान गरी स्वदेशभित्रै श्रृजना हुने रोजगारीमा आकर्षित गर्ने ।

२. युवाहरुको आय आर्जनमा टेवा पुऱ्याई  कृषक परिवारको गरिवी न्यूनिकरणमा सहयोग पुऱ्याउने ।

३. कार्यकम अवधिः स्वरोजगार प्रवर्द्धन कार्यक्रमको अवधी ३ (तिन) वर्षको हुनेछ ।

४. कार्यक्रम सञ्चालन हुने स्थान : पोखरा महानगरपालिका नगर क्षेत्र भित्र सम्भावित स्थानहरुलाई प्राथमिकिताको आधारमा छनौट गर्नेछ ।

## ५. स्वरोजगार प्रवर्द्धनको लागि गर्न सक्ने व्यवसायहरु :

यस अन्तर्गत निम्न व्यवसायहरु पर्ने छन् :

- पशुपालन (गाई भैसी पालन, याकनाक,चौरीपालन,बाख्रापालन, बंगुरपालन, कुखुरापालन)
- पशुजन्य पदार्थ (दुध,मासु) प्रशोधन तथा बिक्री वितरण, विविधिकरण गर्ने व्यवसायहरु,
- मासु तथा अण्डा पसल सञ्चालन सम्बन्धी व्यवसायहरु ।
- तोकिएको तालिम तथा योग्यता पुगि भेटेरीनरी औषधी तथा पशुपंक्षी दाना सम्बन्धि व्यवसाय र कृत्रिम गर्भाधान सम्बन्धी व्यवसाय ।

## ६.पशु विकास अनुदानको कार्यक्रमहरुः

देहायका कार्यक्रममा अनुदान उपलब्ध गारउन सकिने छ ।

- मोडल फर्म स्थापनार्थ अनुदान,
- व्यवसायिक फर्म सुदिढ्करण अनुदान,
- वडा क्लस्टरमा (बाख्रा तथा ग्रामिण कुखुरा )प्रवर्द्धन अनुदान ,
- विपत् व्यवस्थापनको अनुदान,
- प्रजननको लागी बोका तथा रागो अनुदान,
- मागको आधारमा अन्य अनुदान कार्यक्रम,

## ७. अनुदान कार्यक्रम कार्यान्वयन प्रकृया :

अनुदान कार्यक्रम प्रक्रिया देहाय बमोजिम हुने छ ।

- सूचना प्रकाशन गर्ने ।
- अनुसूची-२ बमोजिमको आवेदन पत्र पेश गर्ने ।
- अनुदानको प्रकृति अनुसारको स्थलगत अनुगमन गरि अनुसूची-४ अनुसारको मुल्याङ्कन प्रतिवेदन पेश गर्ने ।

- पशु विकास अनुदान अनुसूचि-९ अनुसार वर्गिकरण गरेका कृषकहरुलाई दफा ९, दफा १०,दफा ११ अनुसार अनुदानग्राही छनौट गरिने छ ।
- अनुदानग्राहीसँग अनुसूची-५ अनुसारको सम्झौता गर्ने ।
- अनुसूची -३ अनुसारको अनुदानग्राहीले कार्यान्वयन गर्ने ।
- सेवा केन्द प्रतिनिधि र जनप्रतिनिधिवाट संयुक्त अनुगमन गरि प्रतिवेदन पेस गर्ने ।
- कार्यान्वयन भए अनुसारको अनुदान रकम भूक्तानी गर्ने ।
- सहभागितात्मक अनुगमन गर्ने ।

## ८. कार्यक्रममा संलग्न निकायहरु र तिनको जिम्मेवारी :

८.१ उद्यमी तथा कृर्षकहरुको जिम्मेवारी :

- आफूले पेश गरेको कार्य योजना अनुसार काम गर्ने लिखित प्रतिवद्धता जाहेर गर्ने र सोही बमोजिम कार्यक्रम संचालन गर्ने ।
- कम्तिमा ३ वर्ष सम्म व्यवसाय छोड्न नपाउने ।
- नियमित रुपमा तोकिएको ढाँचा (अनुसूची ६ अनुसार) मा प्रगति विवरण भरी सम्बन्धित सेवा केन्द्र मार्फत  पशु सेवा महाशाखामा पठाउने ।

८.२ पशु सेवा केन्द्रको जिम्मेवारी :

- आफ्नो कार्य क्षेत्र मातहका उद्यमीहरुलाई आवश्यक प्राविधिक सेवा उपलब्ध गराउने ।
- चौमासिक र वार्षिक रुपमा अनुगमन गरी पशु सेवा महाशाखामा प्रगति प्रतिवेदन पठाउने ।

८.३ सिफारिस गर्ने वा जमानी वस्ने कानूनी मान्यता प्राप्त संस्थाको जिम्मेवारी :

यस्ता संस्थाहरु भन्नाले दर्ता भएका युवा क्लव/सामुदायिक संस्था/सहकारी संस्था/गैर सहकारी संस्था,आदि बुझिने छ । संस्थाहरुको जिम्मेवारी निम्नानुसार हुनेछ ।

- महानगरका वास्तविक वेरोजगार जनशक्तिहरुलाई स्वरोजगारको लागि लिखित सिफारिस गर्ने ।
- महानगरका युवाले गरेको कामको नियमित अनुगमन गर्ने, रिपोर्टिङ्ग गर्ने र सहजकर्ताको भूमिका निर्वाह गर्ने ।

८.४. पशु सेवा महाशाखाको जिम्मेवारी :

- पशु विकास कार्यदल (Livestock Action Team) का सदस्यहरुलाई कार्यक्रमको बारेमा जानकारी गराउने ।
- सूचना प्रकाशन (अनुसूची १ अनुसार) गरी वेरोजगार युवाहरुवाट दरखास्त (अनुसूची २ अनुसार) आह्वान गर्ने ।

**छनौट गर्ने आधारहरु:**

- स्वदेश मै बसेर व्यवसाय गर्न ईच्छुक वेरोजगार जनशक्तिहरुलाई छनौट गर्दा निम्न बुंदाहरुको आधारमा गरिनेछ ।
- सम्बन्धित उद्यमीले पेश गरेको कार्य योजना (अनुसूची ३ अनुसारको फर्मेटमा) उसको काम गर्न सक्ने क्षमता र विषयप्रतिको ज्ञान र सीप ।
- अरु कुनै व्यवसाय गरेको/नभएको (वेरोजगार/अर्ध वेरोजगार) र आफै पुरा लगानी गर्ने क्षमता नभएको ।
- प्रस्तावित योजनाको कम्तिमा ३० प्रतिशत लगानी आफै गर्न ईच्छुक ।
- पेश गरेको कार्य योजना आर्थिक तथा प्राविधिक रुपले सम्भाव्य र वातावरण प्रतिकुल प्रभाव नपार्ने खालको भएको ।
- पशुपालन, पशु जन्य पदार्थ प्रशोधन तथा बिक्री वितरण सँग सम्बन्धित व्यवसाय हुनु पर्ने ।
- महिला, जनजाति, दलितहरुलाई प्राथमिकता दिईने छ ।
- अनुसूची-४ अनुसार मूल्याङ्कन गरी सबैभन्दा वढी अङ्क प्राप्त गर्ने उद्यमीहरुलाई मेरीटको आधारमा छनौट गर्ने ।
- छनौट भएका आवेदकहरुलाई Livestock Action Team (LAT) वैठकवाट अनुमोदन गराउने ।
- छनौट भएका उद्यमीहरु सँगसम्झौता (अनुसूची ५ अनुसार) गर्ने ।
- सम्झौता अनुसार काम गरेको वा नगरेको सेवा केन्द्रको प्रतिनिधि र वडा जनप्रतिनिधि सयुक्त अनुगमनले सिफारिस र वडा कार्यालय र सम्वन्धित सेवा केन्द्रको सिफारिसमा कार्यक्रमको लागि स्वीकृत भएको रकम चेक मार्फत उपलब्ध गराउने ।
- उद्यमीहरुलाई आवश्यक पर्ने प्राविधिक सेवा उपलब्ध गराउने ।
- मातहतका सेवा केन्द्र पशु सेवा महाशाखा आफैले नियमित गरी चौमासिक र वार्षिक रुपमा प्रगति विवरण पेश गर्ने ।

## ९. मोडल फर्म स्थापनार्थ अनुदान कार्यक्रम सञ्चालन गर्ने प्रकृया र कार्ययोजना :

| क्र.स. | कार्यविधि | उत्तरदायी संस्था | कार्य अवधि |
|---|---|---|---|
| १. | पशु विकास कार्यदलको वैठक वोलाई सदस्यहरुलाई प्रस्तावित कार्यक्रमको अवधारणा र कार्यक्रम संचालन गर्ने कार्य विधि वारे जानकारी गराउने र प्रस्तावित कार्यक्रम महानगरपालिकाबाट स्वीकृत गराउने । | पशु सेवा महाशाखा/ LAT | १ दिन |
| २. | तेकिएको ढाँचा (अनुसूची २) अनुसार १५ दिनको समय दिई | पशु सेवा | १५ दिन |

| | | | |
|---|---|---|---|
| | सूचना प्रकाशन गर्ने । नेपाली नागरिकताको प्रमाण-पत्र तथा अन्य प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि, गर्न खोजेको कामको संक्षिप्त कार्य योजना (अनुसूची ३ अनुसार), सम्बन्धित व्यवसायमा कुनै तालीम प्राप्त गरेको भए सोको प्रतिलिपि र स्थलगत फोटो समेत संलग्न हुनु पर्नेछ । | महाशाखा/LAT | |
| ३. | कार्यक्रमको माग गरी तोकिएको समयायधि परेका आवेदनहरुलाई पशु सेवा महाशाखामा दर्ता गर्ने । आवश्यक दरखास्त संख्या नपुगेमा आवश्यकता अनुसार दरखास्त लिई कार्यक्रम संचालन गर्दै जाने । | पशु सेवा महाशाखा | १५ दिन |
| ४. | उद्यमी छनौट गर्ने मिति भन्दा अगावै स्थलगत अनुगमनको लागि ३ सदस्यीय समिति गठन गर्ने । | पशु सेवा महाशाखा/LAT | १ दिन |
| ५. | संस्थाको दर्ता, नविकरण, पशु सख्या, अनुभव, उद्योगले ओगटने क्षेत्र, घासँको क्षे.फ. पशु जन्य उत्पादन, सम्बन्धित उद्यमीले पेश गरेको कार्य योजनाको आर्थिक तथा प्राविधिक सम्भाव्यता, कार्य योजना र पेश गरेको व्यवसाय प्रति उसको ज्ञान, सिप/दक्षता आदि विषयलाई आधार बनाई अनुसूची ४ अनुसार मूल्याङ्कन गरी उद्यमीको छनौट गर्ने । | पशु सेवा महाशाखा/LAT | १ दिन |
| ६ | उप समितिले सिफारिस गरेका उद्यमीहरुलाई LAT को वैठकबाट छनौट गर्ने । | पशु सेवा महाशाखा/LAT | १५ दिन |
| | चरण ६ अनुसार छनौट गरिएका कृषकहरुको नामावली प्रकाशन गरी सम्पर्क राख्नको लागि बोलाउने, | पशु सेवा महाशाखा | १५ दिन |
| | छनौट भएका कृषक हरुले,प.से.शा. बाट अनुदान प्राप्त गर्नु पूर्व प.से.शा /प.से.के./उ.के. सँग परामर्श गरी व्यवसाय संचालनको लागि आवश्यक पर्ने अन्य पूर्वाधार गोठ, प्रशोधन स्थल छनौट आदि तयार गर्ने र सोको जानकारी पशु सेवा महाशाखालाई गराउने | पशु सेवा महाशाखा/LAT | १ दिन |
| | कृषकको तर्फवाट आवश्यक पूर्वाधार तयार भैसके पछि सिफारिस गर्ने संस्थाको रोहवरमा अनुसूची ५ अनुसार त्रिपक्षीय सम्झौता गरी कार्यक्रममा उल्लेख भएको रकम बरावरको चेक/ड्राफ्ट मार्फत सिधै रकम उपलब्ध गराउने । यसरी उपलब्ध गराउँदा दुई | पशु सेवा महाशाखा/LAT | १ दिन |

| | | | |
|---|---|---|---|
| | किस्तामा प्रथम किस्ता बापत ५० प्रतिशत र काम सम्पन्न पश्चात बाँकी रकम उपलब्ध गराउने । | | |
| | सम्बन्धित प.से.के./उ.के. र सिफारिस गर्ने संस्थाले नियमित रुपमा उद्देश्य अनुरुप काम भए नभएको अनुगमन गरी पशु सेवा महाशाखामा अनुसूची ६ अनुसार प्रतिवेदन बुझाउनु पर्नेछ । | पशु सेवा महाशाखा/LAT | १५ दिन |
| | अनुसूची-७ अनुसार पशु सेवा महाशाखा/LAT ले चौमासिक र वार्षिक प्रतिवेदन तयार गरी नगर कार्यपालिकामा पेश गर्ने । | पशु सेवा महाशाखा/LAT | १५ दिन |
| | | पशु सेवा महाशाखा/LAT | १ दिन |
| | अन्य कार्य महानगरपालिकाले तोके बमोजिम हुनेछ । | पशु सेवा महाशाखा/LAT | १ दिन |

१०. वडा क्लस्टरमा (बाखा तथा ग्रामिण कुखुरा ) प्रवर्द्दनका लागी अनुदानको प्रकृया :

- कार्यकममा उल्लेख भएको वडामा सर्वपक्षीय भेलाको आयोजना गर्ने र इच्छुक तथा सक्षम कृषक छनौट गर्न जनप्रतिनिधि, कृषि संयोजक र वडा कार्यलयले मनोनित गरेको एक जना गरि तिन सदस्य छनौट उप समिति गठन गर्ने ।
- उक्त उपसमितिले छनौट गरेका कृषकहरुलाई वडा समितिको सिफारिसमा ५० जना सम्म कृषक छनौट गर्ने ।

छनौट भएका कृषकहरुलाई समावेस गरी एक समिति गठन गरि कृषक मध्येबाट अध्यक्ष, उपाध्यक्ष सचिव, सहसचिव, कोषाध्यक्ष चयन गरी सम्वन्धित सेवा केन्द्र प्रतिनिधि सदस्य सचिव र वार्ड अध्यक्षको समेत पदेन सदस्य रहने समिति लाई पुर्णता दिइनेछ । छनौट भएको कृषकले अनुसूची -८ बमोजिम को काम गरे पछि सेवा केन्द्रको प्रतिनिधि र जनप्रतिनिधिको संयुक्त अनुगमनको सिफारिसमा समितिले उक्त कृषकलाई भुत्तानी सिफारीस गर्ने छ ।

- यस समितिको खाता संचालन समितिको अध्यक्ष, कोषध्यक्ष र सेवा केन्द्र प्रतिनिधिको संयुक्त दस्तखतमा संचालन हुने गरि खाता संचालन गर्ने र काम सम्पन्न भएपछि समिति लाई एकमुस्ट २०,००,०००/- (अक्षेरुपी बिस लाख) अनुदान उपलब्ध गराइने छ । र उक्त समितिले सम्वन्धित कृषकलाई भुक्तानी दिने र यसको  विवरण पशु सेवा महाशाखामा दिने र सहभागितामूलक अनुगमन गरिनेछ ।

## ११. प्रजननकोलागी बोका तथा राँगो खरिदमा अनुदान कार्यक्रम सञ्चालन गर्ने प्रकृया :

- पशुपालन सम्बन्धित समूह समिति,कृषि सहकारी र वडा कार्यालयको सिफारिसमा अनुसूची-२, ३ बमोजिम आवेदन दिन सक्नेछ ।

- पशु सेवा महाशाखा तथा सेवा केन्द्रको अनुगमन प्रतिवेदनको आधारमा पशु सेवा महाशाखा प्रमुखले स्वीकृत गरि भुक्तानीको लागी सिफारिस गर्न सक्नेछ ।
- उक्त अनुदान खरि बाख्राको वोका को लागी रु २०,०००/- बोयर तथा सानाको लागी रु ५०,००० । सम्म र प्रजनन राँगोको लागी रु ५०,०००।-(अक्षरुपी पचास हजार मात्र) बिउ पूँजीको रुपमा अनुदान दिन सक्नेछ ।

## १२. विपद व्यवस्थापनको लागि सहयोग अनुदान कार्यक्रम सञ्चालन गर्ने प्रकृया :

- विपदको सूचना भएपछि पशु सेवा महाशाखा तथा सेवा केन्द्रको अनुगमन प्रतिवेदनको आधारमा आगलागी, भूकम्प,पहिरो तथा भुक्ष्य ले सम्पूर्ण गोठ नष्ट भएको हकमा विस हजार रुपैया अनुदान पशु सेवा महाशाखा प्रमुखले स्वीकृत गरि भुत्तानीको लागी सिफारिस गर्न सक्नेछ ।
- ५ वटा माउँ भन्दा वढि गाई वा भैसी पालन वा २० वटा भन्दा वढि बाख्रा तथा भेडा पालन गरेको हकको संक्रमक रोग लागी ९० प्रतिशत पशु वस्तु मरेमा २०,००० अक्षेरुपी बिस हजार सम्म विपत राहत रकम सम्वन्धीत वडाको सिफारिसमा पशु सेवा महाशाखा प्रमुखले स्वीकृत गरि भुत्तानीको लागी सिफारिस गर्न सक्नेछ ।
- यस दफाको हकमा स्वीकृत वार्षिक कार्यक्रम सम्म पशु सेवा महाशाखाले भुक्तानीको लागि सिफारिस गर्ने छ । यदि स्वीकृत कार्यकम भन्दा वढि खर्च हुने भएमा नगरकार्यपालिका लाई अनुरोध गर्न सक्नेछ ।

## १३. सघन घाँस विकास कार्यकम सञ्चालन गर्ने प्रकृया :

- सघन घांस विकास कार्यकम को अनुसूची २ अनुसारको आवेदन पत्र लिने ।
- प्राप्त आवेदन उपर सेवा केन्द्र र सम्बन्धित वडाको जनप्रतिनिधि को स्थलगत अनुगमनको प्रतिवेदन को आधारमा पशु सेवा महाशाखाको वैठकले छनौट गरेका आवेदकसंग सम्झौता गरि वहुवर्षिय भुई घाँस र डाले घाँस लगाउन लगाइनेछ ।
- यस कार्यकममा सेवा केन्द्रको कर्मचारी र जनप्रतिनिधि सदस्यको अनुगमन प्रतिवेदनको आधारमा कम्तिमा ९० प्रतिशत घाँसको क्षेत्रफल लगाएको कृषकको लागी, सेवा केन्द्रको सिफारिसको आधारमा भुत्तानी दिने । प्रति रोपनी घांस लगाए वापत रु ३०००/- तिन हजार अनुदान दिइने छ ।

## १४. व्यवसायिक फार्म सुदढिकरणका लागि अनुदान कार्यक्रम र रकम :

| क.स. | अनुदान दिने कार्यक्रमको नाम | अनुदानको रकम | स्वीकृत गर्ने निकाय तथा पदाधिकारी | कैफियत |
|---|---|---|---|---|
| १ | गोठ सुधार | बिस हजार | पशु सेवा महाशाखाको प्रमुख | सम्वन्धित वडाको सिफारीशमा । |
| २ | च्यापकटर | बिस हजार | पशु सेवा महाशाखाको प्रमुख | सम्न्धत वडाको सिफारीशमा । |
| ३ | ग्रास कटर | बिस हजार | पशु सेवा महाशाखाको प्रमुख | सम्वन्धीत वडाको सिफारीशमा । |
| ४ | मिल्क क्यान | पाँच हजार | पशु सेवा महाशाखाको प्रमुख | सम्वन्धीत |

| | | | | |
|---|---|---|---|---|
| | | | | वडाको सिफारीशमा । |
| ५ | ह्विल ब्यारो | सात हजार | पशु सेवा महाशाखाको प्रमुख | सम्वन्धीत वडाको सिफारीशमा । |

## १५. मागमा आधारित अनुदान कार्यक्रम :

| **क्र.स.** | **अनुदान दिने कार्यक्रमको नाम** | **अनुदानको रकम** | **स्वीकृत गर्ने निकाय तथा पदाधिकारी** | **कैफियत** |
|---|---|---|---|---|
| १ | नयाँ गोठ तथा खोर निर्माण | बिस हजार | पशु सेवा महाशाखाको प्रमुख | सम्वन्धित वडाको सिफारीश । |
| २ | च्यापकटर | बिस हजार | पशु सेवा महाशाखाको प्रमुख | सम्वन्धित वडाको सिफारीश । |
| ३ | ग्रास कटर | बिस हजार | पशु सेवा महाशाखाको प्रमुख | सम्वन्धित वडाको सिफारीश । |
| ४ | मिल्क क्यान | पाँच हजार | पशु सेवा महाशाखाको प्रमुख | सम्वन्धित वडाको सिफारीश । |
| ५ | ह्वल व्यारो | सात हजार | पशु सेवा महाशाखाको प्रमुख | सम्वन्धित वडाको सिफारीश । |
| ६ | नयाँ दुध सकंलन केन्द्रलाई सपोर्ट अनुदान | तिस हजार | पशु सेवा महाशाखाको प्रमुख | सम्वन्धित वडाको सिफारीश । |

## १६ महानगर स्तरिय पशु विकास कार्यदल LAT को गठन तपसिल बमोजिम हुनेछ ।

संयोजक : उप-प्रमुख पोखरा महानगरपालिका ।

सदस्य : कार्यपालिका सदस्य बाट १ जना महिला सहित ३ जना ।

सदस्य : आर्थिक प्रशासन महाशाखा प्रमुख पोखरा महानगरपालिका ।

सदस्य सचिव : पशुसेवा महाशाखा प्रमुख पोखरा महानगरपालिका ।

**१७ बाधा अड्काउ फुकाउने**: यस कार्यविधिमा लेखिएको कुरामा कुनै दुविधा उत्पन्न भएमा सो सम्बन्धी वाधा अड्काउ फुकाउने सम्पूर्ण अधिकार पोखरा महानगरपालिका कार्यालयलाई हुनेछ ।

**१८.** यस कार्यविधिमा लेखिएकोमा यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

## अनुसूची - १

## पशु विकास कार्यक्रम अनुदान सम्वन्धीप्रस्ताव आव्हानको सूचनाको ढाँचा

**सूचना । सूचना ॥ सूचना ॥।**

यस कार्यालयको आ.व. २०...../.... को वार्षिक स्वीकृत**पशु विकास कार्यक्रम अनुदान** अनुसार केहि नगरवासी हरुलाई **पशु विकास कार्यक्रम अनुदान(मोडलफर्म स्थापना,व्यवसायिक फर्म सुदिढिकरण,मागमा आधारित आदी)** माध्यमवाट पशुपक्षि विकासगर्ने कार्यक्रम रहेको हुँदा पोखरामहानगरपालिकाका ईच्छुक उद्यमी, अर्ध वेरोजगार, व्यक्तिहरुवाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र तोकिएको ढाँचा अनुसारको आवेदन फाराममा दरखास्त दिनु होला । पुनश्चः आवेदन साथ तपशिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सूचना द्धारा सूचित गरिन्छ ।

**तपशिलः**

१. अनुसूची २ अनुसारको आवेदन फाराम ।

२. अनुसूची ३ अनुसारको संक्षिप्त कार्य योजना ।

३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।

४. अन्य प्रमाणित प्रमाण पत्रहरु (दर्ता प्रमाण पत्र, स्थायी लेखा नं., जग्गधनि प्रमाण पुर्जा, करारनामा तालिम, शैक्षिक योग्यता आदी) को प्रतिलिपिहरु ।

**अनुसूची - २**

## <u>पशु विकास कार्यक्रम अनुदान सम्वन्धीसहयोग प्राप्त गर्नको लागि दिईने आवेदन-पत्र</u> :

श्रीमान् प्रमुखज्यू

पशु सेवा महाशाखा

पोखरा महानगरपालिका ।

विषय : अनुदान सहयोग उपलब्ध गराई दिने वारे।

महोदय,

मलाई पशु विकास कार्यक्रमको . . . . . . . . . अनुदान सहयोग प्राप्त गरी .......... ....... ....... कार्य गर्न तिब्र ईच्छा भएकोले निम्नानुसार कागजात राखि निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार कार्य गर्नेछु । पुनश्चः तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

**तपशिलः**

१. अनूसूची **३** अनुसारको संक्षिप्त कार्ययोजना ।

२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी ।

३. फर्म/समुह/समिति/सहकारी सम्वन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि ।

४. अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता) आदिका प्रतिलिपीहरु) ।

५. बैदेशिक रोजगार वाट फर्केकाको हकमा पासपोर्टको प्रतिलिपि ।

६. समुह/समिति/फर्म/सहकारिकासदस्यहरुको परियोजना प्रस्ताव पेश गर्न र परियोजना छनौट भएमा कार्यान्वयन गर्ने प्रतिवद्धताको निर्णयको प्रतिलिपि ।

७.सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

**निवेदक :**

**नाम :**

**दस्तखत :**

**ठेगाना :**

**सम्पर्क नं. :**

## अनुसूची - ३

## पशु विकास कार्यक्रम अनुदान कार्यक्रमको अवधारणार संक्षिप्त कार्य योजना

उद्यमीनाम थर :

ठेगाना : पोखरा महानगरपालिका  वार्ड नं. :  . . . टोल . . . . . . . . . . . . . .

जिल्ला : कास्की

संचालन गर्न खोजेको पशु सेवा सम्बन्धि व्यवसाय र स्थान :

सहयोग स्वरुप माग गरेको अनुदान रकम/लगानी :

आफ्नो लगानी :

आफ्नो पारिवारिक श्रम :

व्यवसायवाट उत्पादन हुने वस्तु :

उत्पादित वार्षिक बजार :

अपेक्षित वार्षिक प्रतिफल :

व्यवसायले वातावरणमा नकारात्मक प्रभाव पार्छ/पार्दैन ।

फर्म/समुह/समिति/सहकारीको नाम : सम्पर्क नम्वरः

ठेगानाःपोखरा महानगरपालिका वडा नं. . . . .  टोल  . . .  . . .

व्यवशाय संचालन गरिने स्थान :

**संचालन गरिने कार्य विवरणः**

| क्र.स. | संचालन गरिने कियाकलाप | अनुदान सहयोग | नीजि लगानि | जम्मा लगानि |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

व्यावसायिले अनुदान रकमको तीस प्रतिशत बराबरको रकम प्रस्तावित योजनामा आफनो तर्फबाट समावेस गर्नु पर्नेछ ।

व्यवशाय गरेको भए, विगत कति वर्ष देखि ……… निरन्तर गरि रहेको ?वर्ष………महिना …….

व्यवसायको लागि श्रमको व्यवस्थापन : (क) पारिवारीक  (ख) बाहिर बाट  (ग) दुवै

उत्पादितबस्तुको बजार :

अनुसूची - ४

## पशु विकास कार्यक्रम अनुदान सम्वन्धी प्रस्ताव मूल्यांकन फाराम

| क्र.स. | द.नं. | आवेदकको नाम | ठेगाना | मूल्याङ्कन (१०० पूर्णङ्कमा गर्ने) | | | | कुल प्राप्ताङ्क (१००) |
|---|---|---|---|---|---|---|---|---|
| | | | | पशु पक्षिं सख्याँ (६०) | उद्यमीको व्यवसाय प्रतिको अनुभव/ तालिम (१०) | पेश गरेको कार्ययोजना (१०) | उक्त स्थानमा व्यवसायको सम्भाव्यता उपयूक्ता (२०) | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |

छनौट समितिका पदाधिकारीहरुको नाम, थर, पद, दस्तखत र मिति :

१.

२.

३.

४.

५.

**नोट** : विपद्मा परेका कृर्षकहरुकोहकमा पशु सेवा महाशाखा र जनप्रतिनिधी ले अनुगमनको आधारमा भएको क्षति लाई मध्यनजर गरि मुल्याकंन गरिनेछ ।

अनुसूची -५

## पशु विकास कार्यक्रम अनुदान सम्वन्धीगरिने सम्झौता-पत्र

पोखरा महानगरपालिका अर्न्तगतको पशु सेवा महाशाखा मार्फत संचालन गरिने चालु आ.व. ............. को स्वीकृत महानगरीय पशु विकाश कार्यक्रम संचालन गर्न पशु सेवा महाशाखा, (यस पछि पहिलो पक्ष भनिने)छनौट भएका कृषक श्री/सुश्री/श्रीमती .................................................. (यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) विच तपशिलका शर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता/सहमति भएको छ।

१. पहिलो पक्षले दोश्रो पक्षलाई व्यवसाय संचालनको लागि कार्ययोजना अनुसार अवश्यता अनुसारसामाग्री वा सोझै चेकमार्फत अनुदान स्वरुप रकम उपलब्ध गराउने छ।

२. दोश्रो पक्षले पहिलो पक्षवाट आवश्यक प्राविधिक प्राप्त गरी आफूले आवेदन गरे अनुसारको ........................... व्यवसाय संचालन गर्नेछ। कम्तीमा **३**(तिन) वर्ष सम्म दोश्रो पक्षले उक्त व्यवसायलाई निरन्तरता दिनु पर्नेछ।

३. पहिलो पक्षले नियमित रुपमा व्यवसाय संचालन गरे नगरेको अनुगमन गर्नेछन्। व्यवसायलाई सफल पार्न सहजकर्ताको भूमिका निर्वाह गर्नेछन्।

४. व्यवसायवाट प्रतिफल पाउनु शुरु गरेपछि कम्तिमा **३** वर्षसम्म दोश्रो पक्षले प्रथम पक्षलाई प्रगति प्रतिवेदन प्रत्येक चौमासिक रुपमा वुझाउने छ।

५. पहिलो पक्षवाट प्राप्त अनुदान सहयोगलाई दोश्रो पक्षले कम्तिमा ३ वर्ष सम्म मास्न वा दुरुपयोग गर्न पाउने छैन र त्यसो भएको पाईएमा निजवाट सो रकम असुल उपरको लागि प्रचलित कानुन बमोजिम आवश्यक कारवाही गरीनेछ। व्यवसायबाट उत्पादित वस्तुको बजार व्यवस्था दोश्रो पक्ष स्वयंले नै गर्नु पर्नेछ।

६. यस सम्झौता उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि भवितव्यको पूर्ण जिम्मेवारी दोश्रो पक्ष स्वयं आफै हुनेछ।

७. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम कानुन बमोजिम हुने छ।

**दोश्रो पक्षःपहिलो पक्ष :**

| | |
|---|---|
| ........................ | .......................... |
| नाम : | नाम : |
| पद : | पद : |
| ठेगाना : | ठेगाना : |
| सम्पर्क नं. : | सम्पर्क नं. : |

**अनुसूची - ६**

## पशु विकास कार्यक्रम अनुदान सम्वन्धीकार्यक्रमको प्रगति विवरण पठाउने फारामको ढाँचा :

१. नाम :

२. ठेगाना :

३. आ.व. :

४. प्रगति प्रतिवेदन अवधी : चौमासिक/वार्षिक :

| क.सं. | कार्य विवरण | ईकाई | परिमाण | आई परेका वाधा अड्चनहरु | समाधानको लागि सुझावहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |

**प्रति ईकाई उत्पादित पशु जन्य पदार्थको स्थानिय वजारको विक्रि मूल्य :**

१.दुधको . . .

२.फुलको .......

२.मासुको .......

३.अन्य ....

## अनुसूची - ७

## पशु विकास कार्यक्रम अनुदान सम्वन्धीकार्यक्रमको लागि वजेट खर्च गर्ने आर्थिक नर्मस्

| क.सं | कृषक वर्ग | स्वरोजगार पशु व्यवसायको अनुदान | गोठ सुधारको लागि अनुदान | च्यापटको लागि अनुदान | ग्रास कटरको लागि अनुदान | मिल्क क्यानको लागि अनुदान | ह्वल व्यारो | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | विशिष्ट कृषक | .... | | | | | | |
| २ | उद्यमी कृषक | .. . | बिस हजार | बिस हजार | बिस हजार | पाँच हजार | सात हजार | |
| ३ | व्यवसायी कृषक | तिन लाख | बिस हजार | बिस हजार | बिस हजार | पाँच हजार | सात हजार | |
| ४ | व्यवसायी उनमुख कृषक | दुई लाख | बिस हजार | बिस हजार | बिस हजार | पाँच हजार | सात हजार | |
| ५ | साना कृषक | एक लाख | बिस हजार | बिस हजार | बिस हजार | पाँच हजार | सात हजार | |
| ६ | निर्वाह मुखि कृषक | .... . | बिस हजार | | | | | |
| ७ | सिमन्तकृत | . . ... | बिस हजार | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कृषक | | | | | | | |
| ८ | सौखिन कृषक | | | | | | | |

**पुनस्च :** समूह/सहकारीले स्थापना गरेको फर्मलाई समेत दिन सकिने छ ।

## अनुसूची - ८

क्लस्टरमा

यस कार्यक्रममा कृषकले दुई वोका भएको माउ बाखा भएमा पाच माउ, एक पाठा र एक पाठी भएको माउ भएमा आठ माउ ,व्याउनी माउँ एघार र कम्तिमा ५० वर्ग फिटको खोर निर्माण गरेमा प्रति कृषक रु ४०,०००।अक्षरुपी चालिस हजार अनुदान उपलव्ध गराइनेछ । कृषक आफैले बाखाको विमा गराउनु पर्ने छ ।

## अनुसूची - ९

**भूमि व्यवस्था, कृर्षि तथा सहकारी मन्त्रालय गण्डकी प्रदेश कृर्षकको वर्गिकरण अनुसार एवं तपसिल बमोजिम गरिने छ ।**

| क.स. | कृषक वर्ग | गाई/ भैंसीको माउ संख्या (कम्तिमा) | भेडा /वाखाको माउ संख्या (कम्तिमा ) | कुखुराको संख्या ( कम्तिमा) | वँगरुको माउ संख्या (कम्तिमा) | मासिक आम्दानी |
|---|---|---|---|---|---|---|
| १ | विशिष्ट कृषक | १५० देखि माथी | ५०० देखि माथी | १५,००० देखि माथी | २५ देखि माथी | |
| २ | उद्यमी कृषक | ६० देखि १४९ सम्म | २०० देखि ४९९ सम्म | ६,००० देखि १४,९९९ सम्म | १३ देखि २४ सम्म | |
| ३ | व्यवसायी कृषक | ३० देखि ५९ सम्म | १०० देखि १९९ सम्म | ३,००० देखि ५,९९९ सम्म | ७ देखि १२ सम्म | |
| ४ | व्यवसायी उनमुख कृषक | १० देखि २९ सम्म | ४० देखि ९९ सम्म | १,००० देखि २,९९९ सम्म | ४ देखि ६ सम्म | |
| ५ | साना कृषक | ५ देखि ९ सम्म | २० देखि ३९ सम्म | ५० देखि ९९९ सम्म | २ देखि ३ सम्म | |
| ६ | निर्वाह मुखि कृषक | १ देखि ४ सम्म | २ देखि १९ सम्म | १० देखि ५० | १ | |
| ७ | सिमन्तकृत कृषक | १ | | | | |
| ८ | सौखिन कृषक | | | | | |

# पोखरा महानगरपालिका
## अस्पताल व्यवस्थापन समिति गठन निर्देशिका, २०७५

स्थानीय तह स्तरको स्वास्थ्य सेवामा प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुनर्स्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन गर्न, पोखरा महानगरपालिका मातहत संचालित अस्पतालहरुको कामकारबाही गुणस्तरीय, चुस्त, दुरुस्त बनाई प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध गराउन अस्पताल व्यवस्थापन समिति गठन गर्न वान्छनीय भएकाले,

पोखरा महानगरपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ को परिछेद ३ को दफा झ(३) को प्रयोजनको लागि ऐ. १ बमोजिम यो निर्देशिका तयार गरी लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस निर्देशिकाको नाम **"अस्पताल व्यवस्थापन समिति निर्देशिका, २०७५"** रहेको छ ।

(२) यो निर्देशिका पोखरा महानगरपालिकामा लागू हुनेछ ।

(३) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

**२.परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिका मा -

(क) "अस्पताल" भन्नाले नेपाल सरकारबाट पोखरा महानगरपालिका मातहत रहने भनी तोकी आएका र पोखरा महानगरपालिकामा पछि थप हुन आउने अस्पतालहरु समेतलाई सम्झनु पर्छ।

(ख) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको समिति सम्झनु पर्दछ

(ग) महानगर भन्नाले पोखरा महानगरपालिका सम्झनु पर्दछ ।

(घ) प्रमुख भन्नाले पोखरा महानगरपालिकाका प्रमुख सम्झनु पर्दछ

(ङ) "कोष" भन्नाले दफा ७ बमोजिमको कोष सम्झनु पर्छ ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस निर्देशिका अन्तर्गत हुने कार्यकारी आदेश वा निर्णयमा तोकिएको तोकिए बमोजिम सम्झनु पर्छ ।

**३. समितिको गठन :** (१) महानगर मातहतका प्रत्येक अस्पतालहरुको व्यवस्थापन र संचालन गर्ने कामका लागि देहायबमोजिम छुट्टाछुट्टै अस्पताल व्यवस्थापन समिति गठन गरिनेछ |

(क) स्वास्थ्य वा सामाजिक क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका लब्ध प्रतिष्ठित व्यक्तिहरु मध्येबाट महानगर प्रमुख बाट तोकिएको व्यक्ति –अध्यक्ष

(ख) सम्बन्धित वडाका वडाध्यक्ष १ जना -सदस्य

(ग) सम्बन्धित वडा वा सेवा पहुच क्षेत्रको उद्योग वाणिज्य संघ वा चेम्वर अफ कमर्शको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि –सदस्य

(घ) सम्बन्धित वडा वा सेवा पहुच क्षेत्रको सामाजिक क्षेत्रमा क्रियाशील संघ संस्थाहरु मध्येबाट महानगरका प्रमुखले मनोनित गरेको एक जना –सदस्य

(ङ) सम्बन्धित वडा वा सेवा पहुच क्षेत्रको प्रतिष्ठित समाजसेवीहरु मध्येबाट समितिका अध्यक्षको सिफारिसमा महानगरद्वारा मनोनित एक जना महिला – सदस्य

(च) महानगर स्वास्थ्य महाशाखाका प्रमुख – सदस्य

(छ) अस्पतालको मेडिकल सुपरिटेण्डेन्ट वा अस्पतालको प्रमुख –सदस्य सचिव

(२) देहायको योग्यता भएको व्यक्ति समिति पदाधिकारीको पदमा नियुक्तिका लागि योग्य हुनेछ :-

(क) नेपाली नागरिक,

(ख) अध्यक्षको हकमा तीस बर्ष उमेर पूरा भएको,

(ग) अध्यक्षको हकमा कम्तीमा **स्नातक** तह उत्तीर्ण गरेको,

(३) देहायको व्यक्ति अस्पताल व्यवस्थापन समितिको अध्यक्ष वा सदस्य पदमा नियुक्तिका लागि अयोग्य हुनेछ :-

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार ठहरी सजाय पाएको,

(ख) सार्वजनिक लाभको पदमा बहाल भएको ।

**स्पष्टिकरणः** यस प्रयोजनको लागि सार्वजनिक लाभको पद भन्नाले नियमित रुपमा हाजिर भई पारिश्रमिक पाउने सरकारी पदलाई सम्झनु पर्दछ ।

(ग) नेपाल सरकार, प्रदेश सरकार, यस महानगर वा अन्तर्गतको कुनै संगठित संस्था वा अन्य स्थानीय तहसँग सम्बन्धित कुनै वेरुजु तथा वाँकी वक्यौता भएको ।

(घ) नैतिक चरित्र नभएको तथा कालोसूचीमा परेको,

(ङ) विदेशी राष्ट्रको नागरिकता वा स्थायी आवासीय अनुमति लिएको ।

(४) समितिका पदाधिकारीहरुको पदावधि तीन वर्षको हुनेछ ।

(५) समितिले आवश्यक देखेमा महानगरका कुनै पदिधिकारी, अधिकृत वा अन्य कुनै विशेषज्ञलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा उपस्थित हुन आमन्त्रण गर्न सक्नेछ ।

(६) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष सहित अन्य मनोनित पदाधिकारीहरुले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा वा अस्पतालको हित विपरीत कुनै काम गरेको प्रमाणित भएमा महानगरले निर्णय गरी निजलाई जुनसुकै बखत जिम्मेवारी मुक्त गर्न सक्नेछ ।

तर त्यसरी जिम्मेवारी मुक्त गर्नु अघि सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन |

४. **समितिको काम, कर्तव्य र अधिकार:** समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) अस्पताल सन्चालनका लागी आवश्यक स्रोत-साधन व्वस्थापन गरी अस्पतालबाट प्रदान गरिने सेवाहरुलाई गुणस्तरीय र प्रभावकारी बनाउने,

(ख) अस्पतालबाट प्रदान गरिने सेवा सुविधाहरुलाई सहज, व्यवस्थित र सर्वसुलभ बनाउने तथा अस्पतालको कारोवारलाई पारदर्शी बनाउने ,

(ग) अस्पताल सन्चालनका लागी आवश्यक जनशक्ति व्यवस्थापन तथा प्रभावकारी परिचालन गर्ने ,

(ग) अस्पतालको प्रभावकारीरुपमा संचालन र व्यवस्थापन गर्ने,

(घ) अस्पतालको लागि अल्पकालिन तथा दीर्घकालिन योजना तर्जुमा गर्ने, गराउने,

(ङ) अस्पतालको दीर्घकालीन योजना तथा वार्षिक कार्यक्रम तथा बजेट तयार गरी स्वीकृतिका लागी महानगरमा पेश गर्ने,

(च) अस्पतालको सेवा शुल्क प्रस्ताव गरी स्वीकृतिका लागि महानगरमा पेश गर्ने,

(छ) अस्पतालको चल अचल सम्पत्तिको संरक्षण, सम्बर्द्धन, मर्मत-सम्भार तथा विकास गर्ने,

(ज) अस्पतालबाट प्रदान गरिएका सेवा सुविधाहरुको नियमित अनुगमन, मूल्यांकन र पृष्ठपोषण गर्ने,

(झ) अस्पताल मार्फत तोकिएको ढाँचामा मासिक रुपमा प्रतिवेदन तयार पारी महानगरमा र आवश्यकता अनुसार मन्त्रालयहरु तथा अन्य निकायहरुमा पेश गर्ने,

(ञ) लक्षित वर्गलाई प्रचलित कानून, कार्यिविधी तथा मापदण्ड बमोजिमको नि:शुल्क उपचारको प्रभावकारी व्यवस्था मिलाउने,

(ट) अस्पताल र अस्पताल परिसरको सरसफाई गर्ने, गराउने र फोहोर बिसर्जनको उचित प्रबन्ध मिलाउने ।

(ठ) तोकिएबमोजिमका अन्य कार्यहरु गर्ने।

५. **समितिको बैठक सम्बन्धी व्यवस्था** :(१) समितिको बैठक मासिक रुपमा बस्नेछ।तर अध्यक्षले आवश्यक ठानेमा जुनसुकै बेला पनि समितिको बैठक बस्न सक्नेछ ।

(२) समितिको एक तिहाई सदस्यहरुले बैठकको लागि लिखित माग गरेमा सदस्य सचिवले अध्यक्षलाई जानकारी गराई बैठक बोलाउनु पर्नेछ ।

(३) समितिको बैठक बस्नुभन्दा सामान्यतया अठ्चालीस घण्टा अगावै सदस्य सचिवले बैठकका एजेण्डा सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ।

(४) समितिको कूल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिने छ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा अध्यक्षले तोकेको सदस्यले गर्नेछ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ तर मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नु पर्नेछ।

(८) समितिले आवश्यक देखेमा सम्बन्धित क्षेत्रको कुनै विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(९) समितिका पदाधिकारिहरुले नियमानुसारको बैठक भत्ता पाउने छन्।

(१०) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गर्न सक्नेछ।

६.**जनशक्ति सम्बन्धी व्यवस्था :** (१) समितिले अस्पतालमा थप सेवा विस्तार तथा गुणस्तर अभिवृद्धी गर्नको लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी महानगरले स्वीकृत गरे पश्चात् अस्पतालको लागि आवश्यक प्राविधिक तथा प्रशासनिक पद सृजना गरी आफ्नै स्रोतबाट तोकिएको सुविधा दिने गरी प्रचलित ऐन कानून बमोजिम आवश्यक जनशक्ति करारमा लिन सक्नेछ। तर संगठन तथा व्यवस्थापन सर्वेक्षणबाट स्वीकृत दरबन्दीभन्दा बढी जनशक्ति भर्ना गर्न पाईने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो निर्देशिका प्रारम्भ हुँदाका बखत साविक आदेश वा कार्यविधि बमोजिम अस्पतालको आन्तरिक स्रोतबाट खर्च ब्यहोरिने गरी भर्ना गरिएका कर्मचारीहरु यो निर्देशिका प्रारम्भ भएपछि योग्यता पुगेको खण्डमा करार सम्झौता गरी काममा लगाईनेनज। तर त्यस्ता करार सेवाका कर्मचारीको सेवाको म्याद थप नभएमा सेवामा नरहेको मानिनेछ

(३) उपदफा (१) बमोजिम करारमा नियुक्ति हुनेहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा करार सम्झौतामा तोकिए बमोजिम हुनेछ।

७.**समितिको कोष :** (१) समितिको आफ्नो एउटा छुट्टै कोष रहनेछ।

(२) समितिको कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन्:-

(क) नेपाल सरकार, प्रदेश सरकार तथा महानगरबाट अस्पताल संचालनको लागि अस्पताल व्यवस्थापन समितिको नाममा प्राप्त हुने अनुदानको रकम,

(ख) अस्पतालले सेवा प्रदान गरे बापत प्राप्त हुने स्वीकृत सेवा शुल्क,

(ग) अन्य दात[ निकाय वा दाताहरुबाट प्राप्त हुने रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम।

(३) समितिको काम कारवाहीमा हुने खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ। यस्तो रकम खर्च गर्दा सार्वजनिक खरिद ऐन, नियमावली तथा प्रचलित कानून बमोजिम गर्नु पर्नेछ।

(४) तर विदेशी सरकार, संघ वा व्यक्तिबाट रकम प्राप्त गर्नको लागि प्रचलित कानून बमोजिम अनुमति लिनुपर्नेछ।

(५) समितिको खाता कुनै बणिज्य बैंकमा खोली संचालन गरिनेछ।

(६) समितिको खाता अस्पतालको मेडिकल सुपरिटेण्डेन्ट वा अस्पताल प्रमुख र अस्पतालका लेखा प्रमुखको संयुक्त दस्तखतबाट संचालन हुनेछ।

(७) कोषको रकम समितिको बैठकको निर्णय अनुसार खर्च गरिनेछ। तत्काल बैठक बस्न सम्भव नभएमा अध्यक्षको स्वीकृतिमा खर्च लेखी समितिको बैठकबाट अनुमोदन गरिनेछ।

(८) समितिको कोषमा जम्मा हुन आउने रकम जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही प्रयोजनका लागि मात्र खर्च गर्नु पर्नेछ। प्रयोजन नखुलेको कोषको रकम स्वीकृत कार्यक्रम अनुसार हुनेछ।

८.**सम्पत्ति र कोषको हस्तान्तरण :** साविक आदेश वा कार्यविधि बमोजिम अस्पताल विकास / व्यवस्थापन समितिको नाममा रहेको सबै चल अचल सम्पत्ति यसै निर्देशिका बमोजिम गठन हुने अस्पताल व्यवस्थापन समितिको नाममा स्वतः हस्तान्तरण हुनेछ।

९.**लेखा र लेखापरीक्षण:** (१) समितिको आय व्ययको लेखा महालेखा परीक्षकको कार्यालयले तोकेको ढाँचा बमोजिम राख्नु पर्नेछ।

(२) कोषको आन्तरिक लेखापरीक्षण दर्तावाल लेखापरिक्षक बाट गराउनुपर्नेछ।

(३) कोषको अन्तिम लेखापरीक्षण महालेखा परिक्षकबाट हुनेछ।

(४) महानगरले जुनसुकै बखत समितिको हिसाब किताब जाँच्न वा जँचाउन सक्नेछ ।

१०.**<u>अधिकार प्रत्यायोजन</u> :** समितिले आफूलाई प्राप्त अधिकारहरुमध्ये दफा ४ को खण्ड (ङ) बमोजिमको अस्पतालको बजेट तथा कार्यक्रम स्वीकृत गर्ने तथा खण्ड (च) बमोजिमको अस्पतालको सेवा शुल्क प्रस्ताव गरी स्वीकृतिका लागि महानगर पेश गर्ने बाहेक अन्य अधिकार आवश्यकता अनुसार अध्यक्ष, सदस्य वा सदस्य सचिवले प्रयोग गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

११.**<u>निर्देशन दिने</u> :** महानगरले समितिको काम कारबाहीका सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिइएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

१२. **<u>अन्य निकाय संगको सम्पर्क</u> :** समितिले नेपाल सरकार, प्रदेश सरकार वा अन्य कुनै संघ संस्था वा निकाय संग सम्पर्क राख्दा महानगर मार्फत् राख्नु पर्नेछ ।